हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३५३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

वर्ष : ०१ अंक : २० पृष्ठ : ४ २०७७ साउन २० गते मंगलबार (Tuesday 4 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

## लहान कोरोना संक्रमणको उच्च जोखिममा



**लहान ।** स्थानीय तह र सुरक्षा निकायको बेवास्ताका कारण सिरहा जिल्लाको प्रमुख व्यापारिक केन्द्रको रुपमा रहेको लहान कोरोना संक्रमणको उच्च जोखिममा पर्दै गएको छ।

लहानको मुख्य चोक छेउमा रहेको तरकारी बजारमा विहान र बेलुकी देखिने जनसँख्याको अत्यधिक चापलाई स्थानीय तह र इलाका प्रहरी कार्यालय लहानले व्यवस्थापन गर्न नसक्दा लहान कोरोना संक्रमणको उच्च जोखिममा पर्ने संभावना बढ्दै गएको हो। उक्त तरकारी बजारमा विहान र बेलुकीपख एकै पटक हजारभन्दा बढी सर्वसाधारणले तरकारी र अन्य दैनिक उपभोग्य सामग्री खरीद विक्री गर्ने गर्दछन्।

तरकारी बजारकै कारण कोरोना संक्रमण बढ्न सक्ने संभावना देखिएको भन्दै सरोकारवाला सघसँस्थाले स्थानीय तह र स्थानीय प्रहरीलाई गुहार्दा दुवै निकायले एकअर्कामाथि जिम्मेवारी थोपर्ने गरेको गुनासो छ।

कोरोना संक्रमणप्रति चिन्तित रहने धेरैले लहान नगरपालिकाका प्रमुख मुनि साह र इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायव उपरिक्षक शरत थापा क्षेत्रीलाई तरकारी बजारलाई व्यवस्थित बनाउन गुनासो पोखे, स्थानीय शंकर प्रसाद गुप्ताले भने– कोरोना संक्रमण फैलिन नदिन बजार व्यवस्थापन गर्नु त परै जाओस्, अहिले चोक बजारमा थुप्रिएको फोहोर पनि उठाउन बन्द गरिएको छ।' जिल्ला प्रशासन कार्यालय सिरहाले कोरोना संक्रमणलाई मध्यनजर गर्दै गत आइतबार आयोजना गरेको जिल्लाभरीका स्थानीय तह र सुरक्षा निकाय सम्मिलित सर्वपक्षीय भेलामा कुनै पनि स्थानमा भीडभाड र अव्यवस्थित बजार सञ्चालन गर्न नदिने निर्णय गरिएको थियो तर उक्त निर्णय पनि कागजको खोस्टोमै सीमित छ। यससम्बन्धमा प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलसँग जिज्ञासा राख्दा उहाँले स्थानीय तह र उद्योग वाणिज्य संघका प्रतिनिधिहरुले बजार र भीड व्यवस्थापन गर्ने विषयमा प्रतिबद्धता जनाएकोले हाल निषेधाज्ञा जारी नगरेको उल्लेख गर्दै आवश्यक पर्‍यो भने वन्दावन्दी र निषेधाज्ञा समेत जारी गर्न सक्ने अवस्थामा आफूहरु तयार रहेको बताए। पछिल्लो पटक लहान नगरपालिकाको वडा नं ८ र सिरहा नगरपालिकाको वडा नं. १६ माडरमा समुदायमा रहेका एक/एक व्यक्तिमा पिसिआर पोजिटिभ देखिइसकेको छ।

## बालविवाह विरुद्ध अभियानमा घुर्नी

**लहान ।** विवाहबारे परिपक्व नभइकनै १४ वर्षको उमेर विवाह बन्धनमा बाधिन बाध्य भइन लहान नगरपालिका–१३ घलेटोलकी दलित घुर्नी मण्डल खत्वे । माइतिघर सप्तरी हरिपुरबाट घलेटोल अन्माएर पठाउँदा उनलाई त्यत्तिखेरसम्म दुलही बनेको हेक्कै भएन। पराया घरमा कलिलैं उमेरमा जब बुहार्तन सहनुपर्‍यो बल्ल उनलाई थाहा भयो विवाह भनेको यस्तो हुदो रहेछ भन्ने। पराया घरमा जनवन (ज्याला मजदुरी)मा खटिनु, घरधन्दा अनि पति र सासु, जेठाजु खटपटनमा बस्नुपर्दा निरक्षर उनलाई समस्या भयो।

त्यतिमैं घुर्नीको दिनचर्या बितेन जब १५ वर्षकैं उमेरमा छोरी मन्जुलाई लहान अस्पतालमा जन्माउन सकस पर्‍यो त्यो पीडा अहिलेपनि उनी भुल्न सक्दिनन् । मन्जुको जन्मसँगै छारे रोगले पनि उनलाई गाँज्यो । रोगले गाँजेपनि तीन वर्षपछि असार १० मा छोरा कौशल जन्माइन। छोरा कौशल १७ वर्षका छन् उनी कक्षा १० मा पढ्छन् । छोरी मन्जु जनसंख्या विषय लिएर स्नातक पढ्छिन्। मन्जुको २२ वर्षको उमेरमा धनुषा



इत्राहीका रोशनसँग विवाह गरिदिइन । १४ वर्षको उमेर विवाह र १५ वर्षकै उमेरमा बच्चा जन्माई हिंसा भोगेकी तिनै ३४ वर्षीया घुर्नी मण्डलले टोलमा ७ वटा बालविवाह रोक्न सफल भइन् । मधेसी समाज, घरको बुहार्तन र गरीबिको कारण चाहेर पनि पहिला उनी स्वतन्त्र रुपमा हिडडुल गर्न सक्दिनथिन । तर जब उनी आफनै गाउँमा गठित महिला अधिकार मञ्चको सदस्य बनिन, त्यसपछि उनि सक्रिय रुपमा परिचालन हुन थालिन।

सुरुमा दलित जनकल्याण युवा क्लवद्वारा सञ्चालित रिफलेक्ट कक्षामा सहभागी भए उनले भनिन् त्यहाू अक्षर चिन्न र महिला अधिकार, बालविवाहका बारेमा जानकारी भएपछि साहस बढ्यो।' घुर्नी भन्छिन्, रिफ्लेक्ट कक्षा लिदैगर्दा आफ्नो विवाह पश्चात पराया घरमा आएर काम बिगार्दा सासु, ससुराले दिएको दु :ख सम्झेर आूखा रसायो, त्यही विगतले मलाई महिला अधिकारका लागि लड्ने प्रेरणा मिल्यो।'

त्यही पुरानो हिंसा दुर्व्यवहारले गर्दा नै बालविवाह विरुद्ध लाग्ने प्रेरणा मिलेको उनले सुनाईन । बालविवाह कानुनीरुपमा दण्डनीय र शारिरीक, मानसिक रुपमा पनि असर पर्ने थाहा भयो' उनले भनिन् त्यसपछि आफ्नै समुदायमा बालविवाह विरुद्ध अभियानमा सरिक हुन थाले।'

विगत फर्केर सम्भिन नचाहने उनी भन्छिन् सुरु सुरुमा घरको सासु नेपुर, जेठाजु र पति रामलखनले तालिम, भेलामा जान रोक्थे, तर विस्तारै घरमा सबैलाई सम्झाउदै बुझाउँदै गएपछि कुरा बुझ्न थालेको र अहिले गाउँ टोलदेखि बाहिरी जिल्लाहरु जानु पर्दा समेत कसैले रोक्दैनन्।'

बालविवाह गर्नु हुदैन भनेकै कारणले अहिले पनि गाउँमा धेरैले दुश्मनिको भावनाले हेर्ने गरेको र समाज भाड्ने, मेरो छोरीको विवाह भएन भने जिम्मा लिनुपर्छ र मेरी छोरी पोइल गयो भने तैले फर्काएर ल्याउनु पर्छ जस्ता कुतर्कको उनले सामना गर्नुपरेको छ। बालविवाहमा काम गर्दा धेरै चुनौतीको सामना गरेकी उनले समाज क्षणिकरुपमा रिसाएपनि छोरीचेली खुशी भएको देखेर चित्त बुझाउने गर्छिन।

तालिम, गोष्ठि र बालविवाह विरुद्ध टोल स्तरीय अयिभानमा अन्य महिलाहरुलाई पनि समावेश गराएर यसबारे बुझाएपछि अहिले बालविवाह विरुद्ध आवाज उठाउने महिलाहरुको जमात नै तयार भएकोमा उनले गर्व गरिन। सुरुमा दोष देखाएपनि अहिले आएर घुर्निले रामो काम गरेको भनी प्रशंसा हुदा गर्व लाग्ने गरेको उनले सुनाइन।

पहिला गाउँघरमा गृहिणीको रुपमा चिनिने घुर्नी मण्डलको परिचय फेरिएको छ । उनी जिल्लामैं सामाजिक अभियन्ताको रुपमा चिनिएकी छन् । अहिले उनी जिल्ला महिला अधिकार मञ्च, सिरहाको सदस्य समेत बन्न सफल भएकी छन्।

## गर्भवति महिलालाई राहत



**लहान ।** जनै पूर्णिमा र रक्षाबन्धनको अबसरमा १४ जना दलित परिवारका गर्भवति महिलालाई महेश चौधरी र संगिता कर्माचार्यले राहत वितरण गरेको हो।

लहान नगरपालिका १७ एकरतिया गाउँमा पुगेर चौधरी दम्पतिले उनीहरुलाई राहत वितरण गरेका हुन्। राहतमा १० किलो चामल, १ किलो दाल, १ किलो नुन, १ किलो मटर, १ लिटर खानेतेल, १ किलो चना, १ किलो स्याउ र १० वटा प्रति महिला अण्डा बाड्का छन्।

चौधरी नेपाली काँग्रेस सिरहाका जिल्ला सदस्य र संगिता काँग्रेस भगिनी संगठन नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन् । उनीहरु लकडाउन सुरु भएको दिनदेखि नै लहान नगरपालिकाको विभिन्न वडामा पुगेर हजारौँ दलित, विपन्न परिवारलाई राहत वितरण गरेका छन्।

## मास्क बाड्दै प्रहरी



**लहान ।** सोमबार इलाका प्रहरी कार्यालय लहानको प्रमुख डिएसपी शरत थापाको नेतृत्वमा प्रहरीले लहान बजारमा मास्क वितरण गरेका छन्।

प्रहरीले बजारमा मास्कबीनै हिडडुल गरिरहेका सर्वसधारणलाई मास्क वितरण गरेको हो । यसैगरी, ट्राफिक प्रहरी कार्यालय लहानका प्रहरी इन्सपेक्टर खगेन्द्र एक्तेनले पनि बजारमा मास्क वितरण गरेको हो।

मास्क वितरणसँगै प्रहरीले सचेतना जगाउने सम्बन्धी कार्यहरु गरेका छन् । लायन्स क्लब अफ लहान सिटी र जीपी(गिरिजा प्रसाद) कोइराला फाउण्डेशनले इप्रका र ट्राफिक प्रहरीलाई मास्क सहयोग गरेको थियो।

## ५५ सय लिटर मदिरा नष्ट

**लहान ।** प्रहरीले दुई स्थानबाट ५५ सय ३५ लिटर अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार इप्रका धनगढीबाट खटिएको प्रहरी टोलीले धनगढीमाई नगरपालिका २ र १० बाट अवैध रुपमा सञ्चालन गरेको भठीबाट तयारी मदिरा १८५ लिटर र कच्चा पदार्थ ४५ सय लिटर बरामद गरेको थियो। मदिरा बनाउने भाडाबर्तन १२ थान नियन्त्रणमा लिएको छ।

यसैगरी, इप्रका गोलबजारबाट खटिएको प्रहरी टोलीले गोलबजार नगरपालिका ६ स्थितमा अवैध रुपमा सञ्चालन रहेको भठीबाट ४० लिटर तयारी मदिरा, ८ सय लिटर कच्चा पदार्थ बरामद गरेको छ। मदिरा बनाउने भाडाबर्तन १५ थान प्रहरीले नियन्त्रणमा लिएको हो। दुवै ठाउँमा बरामद भएको मदिरा स्थानीयको रोहबरमा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

**'पालिका बहस' किन ?**

पेज ४ मा

# सम्पादकीय

## बेलैमा सोचौँ

**दुई दिन यता लहान लगायत तराई क्षेत्रमा गर्मी बढेको छ । गर्मीका कारण जनजीवन प्रभावित भएको छ । ३४ डिग्री सम्म तापक्रम रेकर्ड भएको छ । त्यसो त साउन महिना गर्मी हुने समय पनि हो । मौसमी फेरबदल हुनुमा जलवायु परिवर्तनको भूमिका रहन्छ ।**

**त्यसो त जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट नेपाल ज्यादै प्रभावित भएको छ । तापक्रममा भएको वृद्धिले विश्वमा न्यानोपन बढेको छ र बढी वा घटी पानी पर्ने तथा बाढीको प्रकृति तथा बाढी आउने क्रममा बृद्धि भएको छ । मनसुनमा परिवर्तन आएको छ, सुख्खा–खडेरी हुने गरेको छ तथा हिमतालहरु फुट्न सक्ने जोखिमको स्थिति रहेको छ । जलवायु परिवर्तनबाट भएका जोखिमबाट जनधनको नोक्सानी भएको छ ।**

**नेपालले जलवायु परिवर्तन सम्वन्धी महासन्धि तर्जुमा हुदा अन्तर–सरकारी वार्ता समितिको बैठकहरुमा भाग लिएको थियो । रियो द जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनको अवसरमा १२ जुन १९९२ का दिन नेपालले उक्त महासन्धिमा हस्ताक्षर गरेको थियो । यस महासन्धिलाई अनुमोदन गरिएको लिखत नेपालले २ मे १९९४ मा महासन्धिको अभिलेख्य समक्ष पेश गरेकोले महासन्धिको प्रावधान वमोजिम ३१ जुलाई १९९४ देखि यो महासन्धि नेपालमा लागू भएको छ । नेपालको क्योटो अभिसन्धिको पक्ष हुन १६ सेप्टेम्वर २००५ सम्मिलन सम्वन्धी लिखत पेश गरे बमोजिम १४ डिसेम्वर २००५ देखि सो अभिसन्धी समेत कार्यान्वयनमा आएको छ । यस अभिसन्धिको धारा १२ मा व्यवस्था भएको स्वच्छ विकास संयन्त्र सम्वन्धी कार्यहरुलाई प्रवर्द्धन गर्नको लागि नेपाल सरकारले वातावरण मन्त्रालयलाई राष्ट्रिय प्राधिकरणको रुपमा कार्य गर्न जिम्मेबारी दिएको छ । अन्य राष्ट्रहरुको तुलनामा नेपालको हरितगृह ग्यासको निस्कासन दर न्यून छ । जलवायु परिवर्तन सम्वन्धी महासन्धिको पक्ष राष्ट्र भएपनि नेपालले हरितगृह ग्यासको न्यूनीकरणबाट तुलनात्मक लाभ लिन सक्ने देखिन्दैन ।**

**तर जलवायु परिवर्तनबाट नेपाल प्रत्यक्ष प्रभावित भएकोले प्रतिकूल प्रभाव हटाउन वा घटाउनको लागि अनुकुलनका कार्यहरु कार्यान्वयन गर्नु जरुरी भएको छ । वातावरणीय परिवर्तनको प्रभावबाट संसार अहिले आक्रान्त भइरहेको अवस्था छ । अनिकाल पर्नु, अनावृष्टि र अतिवृष्टि हुनु, विभिन्न किसिमका रोग व्याधीको संक्रमण हुनु, बाढी पहिरो, विनाशकारी हुरी वतास आउनु, समुन्द्रको जलस्तर बढ्नु, समुन्द्री क्षेत्रमा विभिन्न किसिमका सुनामी जस्ता प्रलयहरु आउनु नै वातावरणीय परिवर्तनबाट सृजित मानवीय संकट तथा विपदहरु हुन् । समयमा नै यी संकटहरुको कारक तत्वसम्म पुग्न सकिएन र त्यसको निराकरणतर्फ मानव समुदायबाट पहल हुन सकेन भने निश्चितरुपमा महाप्रलयको अवस्था आउनसक्छ । जसबाट ठुलो धनजनको क्षति हुन सक्ने संभावनालाई नकार्न सकिदैन् ।**

**वास्तवमा मानव समुदाय जुन हिसाबले आधुनिक युगको निर्माण गर्नको लागि अगाडि बढेको छ त्यही सूगसूगै उसले गरेका विभिन्न क्रियाकलापहरु जस्तै : वन विनास, कार्वनको अत्यधिक उत्सर्जन, कार्बन मोनोअक्साइड, क्लोरोफ्लुरो कार्बन जस्ता विशालु तथा संसारको तापक्रम बढाउने ग्यासको उत्सर्जन नै वातावरणीय परिवर्तनको मूख्य कारणहरु रहेको देखिन्छ । अर्कोतर्फ संसार जुन हिसाबले आणविक अस्त्र शस्त्रको होड्बाजीमा लागेको छ त्यसले वातावरण परिवर्तनमा झन ठूलो स्थान राख्दछ । विनासकारी हातहतियार तथा मिसाइलहरुको प्रयोगले संसारको वातावरणलाई प्रदुषित बनाइरहेको छ । वातावरणीय परिवर्तनका मूख्य कारक तत्वहरुको निमार्णमा संसारमा अहिले विकासन्मुख गरिब राष्ट्रहरुभन्दा धनी र विकसित राष्ट्रहरु नै अग्रणी स्थानमा छ ।**

**अत : संसारका यी विकसित राष्ट्रहरु समयमा नै यस सवेदनशील विषयमा ध्यान दिएर एउटा ठोस योजनाको साथ वातावरण परिवर्तनलाई रोक्नको लागी र सो परिवर्तनबाट मानव समुदायलाई जोगाउनको लागी अगाडि सरेर आउनुपर्ने आवश्यक्ता देखिन्छ । नेपालजस्ता गरिब तथा विकासोन्मुख राष्ट्रहरुले जलवायु परिवर्तनको असरबाट जोगिनको लागि अन्तराष्ट्रिय समुदायसूग सहयोगको अपिल गर्नुपर्ने देखिन्छ ।**

# भारतीय कम्युनिस्ट पार्टी,मधेसमा कम्युनिस्ट पार्टी र विभाजन



**विजय कुमार गुप्ता**

सन्१९६४ मा भारतीय कम्युनिस्ट पार्टी विभाजित भयो। भाकपाका असन्तुष्ट नेताहरुले भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादी नामको अलग पार्टी गठन गरे। भाकपाका जुझारू नेताहरु नम्बुदरीपाद, ज्योति बसु, हरकिशन सिंह सुरजीत आदि माकपामा गए। यो विभाजनले पश्चिम बंगाल जस्ता राज्यमा भाकपाको आधार खस्किदै गयो।

केरल राज्यमा पार्टी विभाजनका शुरुआतका केही दशकसम्म भाकपाको प्रभावमा कुनै कमी आएको थिएन। सन् १९७०–७७ को दशकमा भाकपाले कांग्रेससँग गठबन्धन गरेर सरकार बनायो। भाकपाका के सी. अच्युत मेनन राज्यका मुख्यमन्त्री भए। यसपछि भने भाकपाको पतन सुरु भयो। सन् १९७७ को भाकपाले माकपासहित साना दलहरुलाई मिलाएर बाममोर्चा बनाए। केरलसहित भारतवर्षमा भाकपा माकपाको सहयोगी दलको रुपमा छ। बाममोर्चाबाट देखिने प्रतिनिधित्व वाहेक राष्ट्रिय तथा क्षेत्रीय राजनीतिमा उसको नेतृत्व गुमिसकेको छ।

तर, २०१४ पछि माकपाको स्थिति पनि भारतीय संसदीय राजनीतिमा कमजोर हुँदै गइरहेको छ। पश्चिम बंगालमा ३४ वर्ष बर्चश्व कायम गरी राज्य सरकार चलाएको मार्क्सवादी पार्टी यति कमजोर देखिएको छ कि उठेर फेरि सोही स्थानमा आउने सम्भावना देखिदैंन। केही वर्ष अगाडि सन् २००४ सम्म राष्ट्रिय राजनीतिको साँचो बोकेर बसेको माकपा सोह्रौं लोकसभामा आएर यति खुम्चिएको छ कि उसको भाउ निर्दलीय सांसद जतिको पनि छैन। पश्चिम बंगाल र गत वर्ष त्रिपुरा राज्यमा नराम्रो पराजय भोगेपछि भने आगामी हुने निर्वाचनमार्फत नै माकपा पनि पतन र विघटनको संघारमा पुग्ने सम्भावना बढेर गएको छ। अबको एक महिनाभित्रमा यस्तो परिदृश्य निर्वाचनको परिणामले देखाउने छ।

तलको तथ्यांकबाट पनि विचार विश्लेषण गर्न सकिन्छ। संसदीय व्यवस्थाको उपयोग गर्न कम्युनिस्टहरुलाई आम जनसमुदायले लोकप्रिय बनाउन खोजेकै थिए। तर, कम्युनिस्टहरु संसदीय व्यवस्था उपयोग गर्ने सवालमा चुके। यहीँनेर आएर उनीहरुको पतन सुरु भयो। जनताको दैनिकीसँग भारतीय कम्युनिस्टहरुको सम्बन्ध अन्य दक्षिणपन्थी पार्टीहरु भन्दा केही मानेमा पनि फरक भएन। प्रदेश सरकारमा भारी बहुमत हुँदा बंगालमा जनताको रोजमर्रा भन्दा पनि टाटा नानोको उत्पादन उद्योग सञ्चालन गर्न जनताको जमिन बेदखल गर्ने काममा सरकार लाग्यो।

दशौं हजार हेक्टर जमिनबाट समुदायलाइ बेदखल गर्ने र विदेशी कम्पनीलाई उपलब्ध गराउने गैर जनपक्षीय काम गर्न थालेपछि उनीहरुको भोट बैंकमा निराशा छायो। त्यही निरासाको फल नगदीकरण गर्न तृणमुल कांग्रेस जस्तो घोर दक्षिणपन्थी पार्टी अगाडि आयो। भारतका अन्य दक्षिणपन्थी पार्टीहरुभन्दा फरक कार्यशैली, कार्यक्रम दिन नसक्दा नै भारतीय कम्युनिस्ट पार्टीहरुको पतन संसदमा हुँदैछ। एउटा सिद्धान्तनिष्ट कम्युनिस्ट पार्टी कार्यकर्तामा सीमित भयो। अब आउने निर्वाचनमा पनि सोह्रौं लोकसभाको निर्वाचनमा पाएको जत्तिको सफलता पनि प्राप्त गर्ने सम्भावना तुहिसकेको छ। अहिले नै ग्यारेण्टी गर्न सकिन्छ कि मुस्किलले लोकसभामा खातासम्म खोल्ला तर, त्यो पनि सम्भावनाको कुरा मात्र हो। यसरी भारतीय राजनीतिमा कम्युनिस्टहरुको तेजोबध हुँदैछ।

मार्क्सवादी पार्टीले ल्याएको कुलमतको प्रतिशत पनि निराशाजनक छ। यो पार्टीको संसदीय राजनीति उत्कर्षमा पुग्दा कुल मतको नौ प्रतिशत लोकप्रिय मत संग्रह गरेको देखिन्छ। जब संसदीय निर्वाचनमा ओरालो लाग्दै गयो यसको मत प्रतिशत पनि त्यसरी नै घटेको छ जसरी सिटामोल खाएपछि ज्वरोमा पारो घट्छ। पछिल्लो तथ्यांक अनुसार सन् २०१४ मा उसको कुल मत प्रतिशतमा एक प्रतिशत पनि पुग्न सकेको छैन्। यसर्थ अबका दिनमा पनि मत प्रतिशत पहिलेको तुलनामा औसत मत ल्याउने सम्भावना बिल्कुलै छैन।

भारतको क्षेत्रीय राजनीतिमा उदाएका क्षेत्रीय दलसँगै कम्युनिस्ट पार्टीको पतन सुरु हुनु एउटा संयोग मानिएला तर उसको पराजयको कारण यतिमा मात्रै सीमित छैन। पश्चिम बंगालमा मार्क्सवादीको पतन त्यहाँ भएको भ्रष्टाचार, अनियमितता, गैर जनपक्षीय निर्णय, गोर्खालैण्डको मुद्धामा मार्क्सवादीको विचलनसहित दक्षिणपन्थी पार्टी भन्दा फरक नदेखिनु प्रमुख कुरा हो। मार्क्सवादी पार्टीभित्र देखिएको बंगाली नश्लवाद, त्रिपुरामा आदिवासी जनजातिमाथि गरिएको उत्पीडन थप कारकहरु हुन।

यो सँगसँगै मार्क्सवादीहरुको सिद्धान्तनिष्ठ संसदको उपयोग गर्नु पर्नेमा त्यसैमा सती जाने प्रवृत्ति मुख्य हो। भारतको दक्षिणपन्थी भाजपा लगायतका पार्टीहरुले अगाडि सारेको कथित हिन्दु धर्मतन्त्रात्मक राष्ट्रवादलाई चिर्न सकेनन्। यस्तो गलत कुरालाई चिर्नको साटो मार्क्सवादीकै पोलिटब्युरो सदस्य वृन्दा कारतको अभियान त झनै घातक तुरुप बन्यो। नेपालमै पनि यस्तो तुरुप तराई–मधेसमा विकसित भइरहेको छ। नेपाली कांग्रेस तराई–मधेसबाट बढारिँदै गएको छ। यतिमात्र होइन कांग्रेस तराई–मधेसमा बढारिए कम्युनिस्टहरु त्यहाँ स्थापित हुनु पर्दथ्यो। तर, त्यहाँ तराई–मधेस केन्द्रित दलहरु जनता समाजवादी पार्टी स्थापित भएका छन्। भर्खरै सिके राउतको जनमत पार्टी पनि तराई–मधेसमा केन्द्रित भएको छ। तर, राउतको जनमतले रोक्ने र त्यसैको वैशाखीमा मधेस केन्द्रित बाहेकका दल स्थापित होला भन्ने तर्क गर्ने वा त्यस्तो ख्याली पुलाउ पकाउने कुरामा कसैले विश्वास गरेको छ भने त्यो बेकार हुनेछ। भारतमा क्षेत्रीय पार्टीहरु आएकाले जस्तो कि तृणमुल कांग्रेस आएकोले कम्युनिस्टहरु अर्थात मार्क्सवादी पार्टीको पत्ता साफ भएको वा हुँदै गएको होइन। बरु मार्क्सवादीहरुले घोषणा पत्र अनुसार काम नगरेकोले तेजोबध भएको अर्थ बढी वैज्ञानिक हो। नेपालको तराई मधेसको हकमा पनि यही कुरा लागू हुन्छ। नेपालका अन्य भूभागमा मुख्य पार्टीहरुलाई सघाउने बाध्यता छ। त्यहाँ कुनै प्रकारको वैकल्पिक शक्ति उपस्थित भइसकेको छैन्। यदि त्यहाँ दक्षिणपन्थी बैकल्पिक शक्ति उपस्थित भयो भने बामपन्थी कम्युनिस्टलाई वा लोकतान्त्रिक कांग्रेसलाई जनमत समातेर पनि बस्दैन। मधेसको नियति त्यहाँ पनि सर्छ। कम्युनिस्टहरुले भने झैं त्यहाँ पनि बोकाको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसल नै चल्छ। संसदीय व्यवस्थामा यस्तै नक्कली कामले मान्यता पाउँछ किनकि व्यवस्था नै त्यस्तो हो।

र नेपालमा उदय भएको कम्युनिस्ट सत्ताधारीले भारतको कम्युनिस्टको पतन बाट विचलनलाई सचिएर अगाडी बढे देश र जनताको रक्षाहुने छ, भारतमा भएको कम्युनिष्ट पार्टीको पतन बाट पाठ सिखदै टुट–फुटको राजनैति त्याग गर्नुपर्छ र नेपाल कम्युनिस्ट पार्टीलाई सशक्तरुपलेअगाडी लग्नु नै जनताले दिएको मतको कदर हुनेछ।

**लेखक गुप्ता नेकपा सिरहाका नेता हुन् ।**


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# ओली सरकारको काम : मुखमा समाजवाद, बगलीमा बिचौलिया

**विज्ञ भन्छन् सरकारले यसको जवाफ दिनुपर्छ**

काठमाडौं। पूर्वानुमानअनुसार नै सरकारले लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा विचौलियाका रुपमा चर्चामा आएका सुशील भट्टलाई नियुक्त गरेको छ।

अघिसम्म भट्ट योजना योजना आयोगका बाहालवाला सदस्यसमेत थिए। उनी नेकपा नेता वामदेव गौतम, विष्णु पौडेल र स्वयं प्रधानमन्त्री केपी ओलीको कोटाबाट राष्ट्रिय योजना आयोगमा पुगेका थिए। आयोगमा पूर्वएमालेको कोटाबाट चारजना सदस्य थिए।

नेकपा नेताहरुलाई रिझाएर लगानी बोर्डको सीईओ बन्न सफल बनेका भट्ट विभिन्न चिनियाँ र भारतीय कम्पनीहरुलाई ल्याएर विवादास्पद रुपमा बिचौलिया ( एजेन्ट) को प्रत्यक्ष भूमिकामा काम गरिरहेका दीपक भट्टका सहोदर दाजु हुन्। दीपक भट्टको सम्बन्ध विष्णु पौडल र वामदेव गौतमसँग सुमधुर छ।

ठूला वैदेशिक लगानीहरुलाई नेपालमा ल्याउन लागि अनुमति दिने, ठूला लगानीलाई प्रवर्द्धन गर्ने र लगानीकर्तालाई सहजीकरण तथा सुरक्षण गर्ने निकाय हो, लगानी बोर्ड। तर, सुशीलको नियुक्तिले अब बोर्डमा स्वार्थ समूहको औपचारिक प्रवेश भएको छ।

यसअघि सीईओ रहेका महाप्रसाद अधिकारी नेपाल राष्ट्र बैंकको गभर्नर भएपछि यो पद रिक्त हुनासाथ पुनर्निर्माण प्राधिकरणका सीईओ सुशील ज्ञवाली, पर्यटन बोर्डका पूर्व सीईओ दीपकराज जोशीसँगै भट्ट पनि दौडमा थिए। तर अर्थमन्त्री युवराज खतिवडा संयोजकत्वको सिफारिस समितिले अन्तरवार्ताबाट ज्ञवाली र जोशीलाई पन्छाएपछि योजना आयोगमा रहेका भट्ट नै सीईओ बन्ने बाटो खुलेको थियो।

१३ वैशाख २०७५मा योजना आयोगमै नियुक्ति भएदेखि नै भट्ट विवादमा थिए। त्यसअघिसम्म उनको परिचय दीपक भट्टका दाजु र बिजनेस पार्टनरका रुपमा मात्रै थियो। योजना आयोगको आकर्षक पद छाडेर भट्ट लगानी बोर्डमा नियुक्तिका लागि दौडिनुका पछाडि उनका बचौलिया भाइ दीपकको स्वार्थ प्रमुख कारण रहेको योजना आयोग स्रोत बताउँछ।

सुशीलका भाइ दीपक तिनै व्यक्ति हुन्, जसले नवौं महाधिवेशनमा विष्णु पौडेलसँग मिलेर वामदेव गौतमलाई झलनाथको क्याम्पबाट केपी ओलीको क्याम्पमा सिट गराएका थिए। वामदेवले आफना निकटस्थहरुसँग भन्ने गरेका थिए, मलाई विष्णु पौडेल र दिपक भट्टले ओली गुटमा लगेका हुन्।

**विज्ञ भन्छन् सरकारले यसको जवाफ दिनुपर्छ**

स्वार्थ समूहको प्रत्यक्ष प्रभाव पर्ने गरी सरकारले विचौलियाको भूमिकामा रहेका सुशील भट्टलाई लगानी बोर्डको सीईओ बनाउनु सर्वथा गलत भएको विज्ञहरु बताउँछन्। यो नियुक्तिले अब बोर्डको निष्पक्षतामाथि प्रश्न उठ्ने सुशासन विज्ञहरूको विश्लेषण छ।

**बिमल कोइराला, पूर्वमुख्यसचिव**

भट्टले आफू र आफनो परिवार संलग्न व्यवसाय सम्वद्ध सरकारी निकायमा नियुक्त लिएर जानु नैतिक नहुने पूर्वमुख्यसचिव विमल कोइराला बताउँछन्। त्यस्तो अवस्थामा भट्ट आफैंले म यस्तो नियुक्ति लिएर बस्दिनँ भन्न सक्नुपपर्ने कोइरालाको भनाइ छ।

आफ्नो परिवार नै जोडिएको व्यवसायको नियामक निकायमा जाँदा निष्पक्षतापूर्वक सेवा दिन सकिँदैन, उनी भन्छन्, लगानीकर्तालाई त्यो संस्थाप्रति विश्वास पनि रहँदैन, र समग्र नेपाल सरकारमाथि नै प्रश्न उठिरहन सक्छ।

यस्तो नियुक्तिबाट पदमा पुगेका व्यक्तिले परिवारको पक्ष लिने अवस्था आएर त्यसको दुर्भाग्य देशले बेहोनुपर्ने कोइराला बताउँछन्। यस्तो नियुक्तिले विदेशी लगानी स्वीकृत गर्ने निकायमा कन्लिक्ट अफ इन्ट्रेस्टको अवस्था आउँछ, उनी भन्छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय भट्टबारे विवाद भइरहेकाले उनको प्रोफाइलबारे सरकारले स्पष्ट गर्नुपर्ने बताउँछन्। उहाँ के कारणले त्यो पदमा जान योग्य हुनुभयो ? विगतमा उहाँले त्यस्तो के काम गर्नुभयो भन्ने स्पष्ट नगर्दासम्म विवाद उठिरहन्छ, उपाध्याय भन्छन्।

भट्टले भविश्यमा परिवारकै व्यापारलाई बोर्डमा बसेर अघि बढाउन खोजे त्यसको जवाफ त्यतिबेलै दिनुपर्ने उपाध्यायको भनाइ छ। सकेसम्म यस्ता महत्वपूर्ण पदमा विवादास्पद छवि नभएका र साँच्चिकै योग्यता पुगेका व्यक्तिलाई जिम्मेवारी दिने विषयमा सरकारले ध्यान पुऱ्याउनुपर्ने उनको मत छ।

**भट्ट दाजुभाइको विवादित पृष्ठभूमि**

सुशीलका भाइ दीपक भट्ट बुढीगण्डकी जिम्मा लिएर अलपत्र छाड्ने चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप अफ कम्पनी (सीजीजीसी)का एजेन्ट हुन्। उनी नेपालमा विभिन्न आयोजना ठेक्कामा लिएर अलपत्र पार्ने अन्य धेरै चिनियाँ र भारतीय कम्पनीहरुका समेत एजेन्ट हुन्। साथै, उनै सेना प्रहरीका लजिस्टिक सामानका ठेकदार पनि हुन्।

उनै दीपककै भनसुनका आधारमा दाजु सुशीललाई विकास तथा पूर्वाधार क्षेत्रका विज्ञ इन्जिनियरका रुपमा योजना आयोगको सदस्य जस्तो विशिष्ट पदमा नियुक्ति दिइएको थियो। तर, उनको विज्ञता र क्षमतामाथि सुरुबाटै प्रश्नहरु उठेका थिए।

योजना आयोगको वेबसाइटमा राखिएको प्रोफाइलअनुसार भट्टले काठमाडौं विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर र इन्जिनियरङमा स्नातक गरेका छन्। उनी नेपाल व्यवस्थापन संघका पूर्वअध्यक्ष समेत हुन्।

सरकारी सेवामा आएको छोटो समयमै भट्ट प्रवल जनसेवा श्रीबाट पुरस्कृत भइसकेका छन्। सरकारबाट विभुषित भइसके पनि उनी विवादको घेराबाट भने बाहिर आउन सकेका छैनन्।

प्रधानमन्त्री केपी शर्मा ओली, उपाध्यक्ष बामदेव गौतम, विष्णु पौडेल र पछिल्लो सयम पूर्वमाओवादी नेता जर्नादन शर्मा लगायतसँग दीपक र सुशीलको सुमधुर सम्बन्ध छ।

नेताहरुसँगको सम्बन्धकै आडमा उनीहरुले नेपालमा ठेक्काका लागि विदेशी कम्पनी ल्याउने र आयोजनाहरु समस्यामा पारेर छाडिदिने गरिरहेका छन्। उनीहरुले चिनियाँ र भारतीय कम्पनीलाई दिलाएका अधिकांश ठेक्का अलपत्र छन्।

कमजोर कार्यसम्पादनका कारण आयोजनाहरु विवाद र ढिलासुस्तीको भुँवरीमा फसेका छन्। कम रकम कबोल गरेर ठेक्का हात पार्दै काम नगर्ने प्रवृत्तिले भट्ट दाजुभाइका कारण विकासे आयोजनाहरु दिक्क छन्।

मुख्य गरी जलविद्युत प्रसारणलाइन आयोजनाहरुमा भट्ट दाजुभाइ एजेन्ट रहेका कम्पनीहरुको रजगज छ। उनीहरुले विदेशी कम्पनीलाई नेपाल ल्याएर कम मूल्यमा ठेक्का हाल्न लगाउने, ठेक्का पाएपछि त्यसको कमिसन लिने र कम्पनीका अधिकारीहरुलाई विशिष्ट पदमा रहेका राजनीतिक तथा प्राशसनिक व्यक्तिलाई भेटाएर सम्बन्ध बनाइदिने गरेका छन्।

त्यस्तो सम्बन्धको आडमा कार्यक्षेत्रमा भने काम नहुने र कतिपय अवस्थामा काम हुँदा पनि लापरवाही र ढिलासुस्ती हुने गरेका छन्। उनीहरुले नेपाल ल्याएका अधिकांश चिनियाँ र भारतीय कम्पनीलाई पछिल्लो समय प्राधिकरणले ठेक्का तोड्दै कालोसूचीमा राखिरहेको छ।

चाइना गेजुवा ग्रुप कम्पनी (सीजीजीसी), चाइना पावर ग्रिड (सीसीपीजी), ग्वान्सी ट्रान्समिसन कन्स्ट्रक्सन, सेन्जेन फराड इलेक्ट्रिक, सेन्जेन क्लाओ इलेक्ट्रोनिक्स लगायतका चिनियाँ कम्पनीका उनीहरुकै मध्यस्थतामा नेपाल आएर विभिन्न परियोजनामा संलग्न भइरहेका छन्।

गेजुवासँग १२०० मेगावाटको बुढीगण्डकी बाहेक ४४० मेगावाटको भेरी(१, २५६ मेगावाटको भेरी(२ आयोजनाको लाइसेन्स पनि गेजुवा ग्रुप पावर इन्भेष्टमेन्टसँग छ। उसले २०७४ पुस २४ मा भेरी २ र २०७५ जेठ १५ मा भेरी १ को लाइसेन्स हात पारेको थियो।

चिनियाँ मात्रै हैन, जागुअर, आइकोम टेल जस्ता भारतीय कम्पनीका एजेन्ट पनि भट्ट दाजुभाइ नै हुन्। यी कम्पनीले लिएका विभिन्न ठेक्का अलपत्र परेका कारण ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिरकण अधिकारीहरु भट्ट दाजुभाइलाई हाइड्रोका पप्पु समेत भन्छन्।

४२.५ मेगावाटको सान्जेन जलविद्युत आयोजनामा खरिद सम्झौताका बेला धोका भएपछि भट्ट दाजुभाइ एजेन्ट रहेको सीजीजीसी कारवाहीमा परेको थियो। काबेली करिडोर प्रसारण लाइनमा लापरवाही गर्ने चिनियाँ कम्पनी पनि भट्टकै सक्रियतामा नेपाल आएको थियो।

आफू एजेन्ट रहेको चिनियाँ कम्पनीको चाहनाअनुसार ६० मेगावाटको माथिल्लो त्रिशूली ३ एन्लाई ९० मेगावाट पुऱ्याउन समेत भट्ट दाजु भाइले चलखेल गरेको आरोप लाग्ने गरेको छ।

हेटौंडा भरतपुर र भरतपुर( बर्दघाट डबल सर्किट प्रसारण लाइन बनाउन लगाइएका दुबै खण्डको निर्माण जिम्मा पाएका भारतीय कम्पनी आईकम टेल र चिनियाँ कम्पनी चाइना पावर ग्रिड (सीसीपीजी) भट्ट दाजुभाइ एजेन्ट रहेका कम्पनीहरु थिए। काममा चरम लापरवाही र ढिलाइ गरेपछि दुबै कम्पनीसँग प्राधिकरणले ठेक्का तोडेर धरौटी जफत गरेको थियो।

इनरुवा, हेटौंडा र ढल्केबरमा ठूला सबस्टेसन बनाउन नसकेपछि चाइना पावर ग्रिड ( सीसीपीजी)सँगको ठेक्का रद्द गर्नुपरेको थियो। मर्स्याङ्दी करिडोर प्रसारण लाइनको ठेक्का पाएको चिनियाँ कम्पनी स्यान्जेन फराड इलेक्ट्रिक सम्झौतामा नआएपछि लाइन बनाउन ढिलाइ हुन पुग्यो।

तामाकोसी(काठमाडौं प्रसारणलाइन बनाउन जिम्मा पाएका ग्वाङसी ट्रान्समिसन एण्ड सबस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्स फिल्डमै ठेकेदार नआएपछि सम्झौता रद्द भयो। गोरखाको मार्कीचोक र मातातीर्थमा सबस्टेसन अलपत्र पारेपछि ठेक्का रद्द गर्नुपऱ्यो। यी सबै कम्पनीले भट्ट परिवारलाई नेपालमा बिचौलियाका रुपमा प्रयोग गर्छन्।

लगानी बोर्डमा भट्टराई नियुक्त गरिएपछि सामाजिक सञ्जालमा सरकारको आलोचना तीव्ररुपमा भइरहेको छ। समाजवाद ल्याउँछु भन्ने ओली सरकार बिचौलियाको पक्षमा लागेको भन्दै आलोचना हुन थालेको छ। यती र ओम्नीको प्रकरण नसेलाउँदै सरकार अब अर्को बिचौलियाको विवादमा मुछिएको छ।

सभार : अनलाइनखबर


## कोरोना भाइरस रोग (कोभिड-१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध-बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

**दलित जनकल्याण युवा क्लब लहान-१४ द्वारा जनहितमा जारी**



## सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरूलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरूलाई नआउनहुन आग्रह गर्दछौं। यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ।

**काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति लहान नगरपालिका-१६, सिरहा**


## पर्सामा थप ३४ जनामा कोरोना संक्रमण पुष्टि

**वीरगञ्ज**। पर्सामा नेपाली सेना, चिकित्सक, पत्रकार गरी थप ३४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। नारायणी अस्पतालको प्रयोगशालामा गरिएको पीसीआर परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो।

६ जना महिलासहित ३४ जनामा कोरोना संक्रमण पुष्टि भएको नारायणी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिए। उनका अनुसार संक्रमित १४ देखि ५६ वर्ष उमेर समूहका छन्। नेपाली सेना, चिकित्सक, कन्ट्याक्ट ट्रेसिङमा परेका, पत्रकार लगायतमा कोरोना संक्रमण देखिएको छ।

अधिकांश संक्रमित वीरगञ्ज महानगरपालिकाका छन्। ३४ जनामध्ये २३ जना वीरगञ्ज महानगरपालिकाका, ३ जना नेपाली सेना, ३ जना पोखरिया नगरपालिकाका, १ जना जिराभवानी गाउँपालिकाका, २ जना बाराका तथा सुर्खेत र सर्लाहीका १र१ जना संक्रमित भएका छन्।

नेशनल मेडिकल कलेज र बयोधा अस्पतालमा कार्यरत दुई जना चिकित्सकमा पनि कोरोना संक्रमण देखिएको छ।

स्तम्भ : पालिका बहस

# ‘पालिका बहस’ किन ?

**डा. विजयप्रसाद मिश्र**

नेपाल गाउँ नै गाउँले बनेको देश हो। गाउँको विकास नभएसम्म समग्र देशको विकास हुन सक्दैन । देश गणतन्त्रमा गएपछि स्थानीय सरकारलाई आफ्नो लागि आफै कानून बनाउने अधिकार समेत दिएर विकास के गर्ने भन्ने निर्णय गर्न गाउँ र नगरपालिकाहरु स्वतन्त्र छन्। यसले पालिका नै एउटा सरकारको रुपमा स्थापित भएको छ। नागरिकको आधारभूत आवश्यकताहरु गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको लागि पालिकाहरुले आफै विभिन्न कार्यक्रमहरु ल्याउन, नियम बनाउन, न्यायदिन सक्ने गरी कार्यपालिका, व्यवस्थापिका र कार्यपालिका तीन तहको अधिकार प्राप्त गरेको छ। पालिकाहरु जनमूखी हुन सक्यो भने गाउँ स्वर्ग हुन्छ। टोल, बस्ती, वडाले आफै आफ्नो लागि नीति बनाउने र कार्यान्वयन गर्ने काम गर्न सक्दछ।

स्थानीय विषयहरुको प्रचार प्रसार गर्ने, स्थानीय स्रोत साधन, जनशक्तिको सदुपयोग गरेर समग्र गाउँको उन्नती गर्ने सम्पूर्ण अधिकार पालिकालाई दिइएको छ। केन्द्रिय राजनीतिको खिचातानी, वैदेशिक प्रभावले गर्दा मूलुक बारम्वार अस्थिरता तर्फ धकेलिरहेको बेला स्थानीय सरकार अर्थात पालिकाले लगनशील भएर दीगो विकासका अवधारणा अनुसार समुदायको इच्छा, चहना अनुसार विकास प्रक्रियालाई अगाडी बढायो भने शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादनमूक शिक्षा, सीप, कृषि उब्जनीमा निर्भरता हुँदै अघि बढ्ने र स्थानीयतालाई महत्वदिने रणनीति अन्तर्गत अघि बढियो भने तलबाटै देश बलियो हुँदै जानेछ। शहर केन्द्रित अहिलेको अर्थव्यवस्थालाई गाउँतर्फ आकर्षित गर्नका लागि पनि पालिकालाई सक्षम र सक्रिय बनाउनु पर्ने हुन्छ।

पत्रकारिता आवाज विहीनहरुको आवाज हो। पीडितको पक्षमा पत्रकारले लेख्नु, बोल्नु पर्दछ। यसका लागि पनि पालिका र पालिकाले गरिरहेको गतिविधिमा बाटो देखाउने गरी नागरिकलाई पालिकाको सबै गतिविधिहरु जानकारी गराएर आफ्नो अधिकार लिन अग्रसर बनाउनका लागि यो पालिका बहस नामक स्तम्भ शुरु गरिएको हो। यो बहसमा पालिकासंग सरोकार राख्ने सबैले कलम चलाउन सक्नु हुनेछ। लेखकले यो स्तम्भमा केन्द्रित रहेर पालिकाको नीति, कानून, न्यायप्रक्रिया, कार्यपालिकाका क्रियाकलापहरु, उपभोक्ता समिति, टोलसमितिका गतिविधि, पालिकाले नागरिकका लागि दिएको सेवा, सुविधा, शिक्षा, स्वास्थ्यको हेरचाहको अवस्थामा बारेमा नियमित रुपमा लेख्ने जमर्को गर्नेछ। साथै स्थानीय संस्कृति, भाषा, खानपान, चालचलन, रितिरिवाज, परम्परागत सीप, कलाको संरक्षण प्रवर्धन गर्नका लागि चाँसो जगाउन यस स्तम्भले सहयोगी भूमिका निर्वाह गर्ने छ।

प्राकृतिक स्रोत साधनको सदुपयोग, पर्यावरणको संरक्षण, अर्ग्यानिक उत्पादन, सञ्चार, सूचनाको अधिकारको उपयोग गरी सामाजिक न्यायको सिद्धान्त अन्तर्गत रहेर नेपाली माटो सुहाउँदो समाजवादको मोडल पालिकास्तरबाटै तयार गरेर नमुना प्रस्तुत गर्न सक्ने बनाउन उपायहरुको खोजी गर्ने काम यस स्तम्भले गर्नेछ भन्ने विश्वास गरेको छु। स्तम्भलाई प्रभावकारी र पालिका उपयोगी बनाउनका लागि के के कुरामा ध्यान दिनु पर्दछ भन्नेबारेमा पाठकहरुबाट सुझावको अपेक्षा गरिएको छ। विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञानमा मात्र केन्द्रित नगरी व्यवहारिक ज्ञानमूखी बनाउन समेत यो स्तम्भले सहयोग पुग्ने आशा गरिएको छ। धन्यवाद।




# अस्पतालको गोलचक्कर : यस्तो मृत्यु कसैको नहोस्

**वीरगञ्ज ।** रिपोर्ट नआएकाले बुबा आत्तिएर सिरियस हुनुहुन्छ। पिसाब पनि रोकिएको छ। के गर्ने होला म्याम ? साउन १३ गते मंगलबार साँझ जिल्ला प्रहरी कार्यालय पर्साको प्रमुख एसपी गंगा पन्तलाई एक व्यक्तिले रुँदै फोन गरे।

एसपी पन्तले नआत्तिकन कुरा राख्न आग्रह गरिन् । फोन गर्ने व्यक्ति पप्पुकुमार गुप्ता रहेछन् । वीरगञ्ज–६ माईस्थानका उनको बुवा राजेश्वरको स्वास्थ्य अवस्था गम्भीर हुँदै गएको थियो।

मिर्गौलाका बिरामीसमेत रहेका ७० बर्षीय गुप्ताको साउन ११ गते आइतबार कोरोना संक्रमण परीक्षणका लागि स्वाब संकलन गरिएको थियो। तर मंगबारसम्म रिपोर्ट आएन।

बिरामीको अवस्था गम्भीर भएको थाहा पाएपछि एसपी पन्तले बुबालाई अस्पताल लैजान गुप्तालाई आग्रह गरिन्। नारायणी अस्पतालका डा. निरज सिंहसँग समन्वय गरिदिइन् । नारायणी कोभिड अस्पतालमा ड्युटीमा रहेका डा. सिंहले नेशनल मेडिकल कलेजमा लैजान सल्लाह दिए।

तर नेशनलले भर्ना लिन मानेन। एसपी स्वयंले अस्पताल प्रशासनलाई आग्रह गरिन् । त्यसपछि भर्ना त लियो तर उपचारको क्रममा १४ गते मृत्यु भयो। त्यसपछि आएको आएको रिपोर्टमा उनमा कोरोना संक्रमण पुष्टि भयो। नेपाली सेनाको टोलीले उनको अन्त्येष्टि गरेको छ।

पप्पु भने बुवाको मृत्युमा वीरगञ्जका अस्पताल दोषी देख्छन् । अस्पतालमा जाँदा पीसीआर रिपोर्ट खोजेर भर्ना नलिएको उनले बिर्सिएका छैनन् । एउटा, दुइटा होइन, वीरगञ्जका हरेक अस्पताल पुगेका थिए उनी । तर कुनै पनि अस्पतालले भर्ना लिन नै मानेन । भर्ना लिएको अस्पतालले पनि समयमा अक्सिजन नचढाएको उनको दाबी छ।

राजेश्वरले उच्च रक्तचाप र थाइराइडको औषधि नियमित खाइरहेका थिए । स्वास्थ्यमा समस्या बढेपछि एक साता घरमै आराम गरे । साउन ९ गते वीरगञ्ज हेल्थ केयरमा उपचार गराए। तर सुधार नभएपछि अरु अस्पतालमा उपचारका लागि जाँदा पीसीआर रिपोर्ट मागेर हैरान पारे।

पप्पुकाअनुसार उनले बाबुलाई शुक्रबार राति १० बजेतिर वीरगञ्ज हेल्थ केयर लगेका थिए । त्यहाँ आरडीटी विधिबाट एन्टीबडी परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आयो । रगत जाँच्नुका साथै एक्सरे गराए, इमर्जेन्सीका डाक्टरले औषधि लेखिदिए। तर अस्पतालमा भर्ना लिन मानेन।

शनिबार राजेश्वरलाई गाह्रो भयो । तत्काल तराई अस्पताल लैजान पप्पुले भाइलाई अह्राए । अस्पतालमा अघिल्लो दिनको रिपोर्टलाई खासै वास्ता गरेन । आ नो ल्याबमा रगतलगायत जाँच शुरु गर्‍यो। एक घण्टाजति राखेपछि रिपोर्ट आयो र उपचार रोके। उहाँलाई कोभिडको लक्षण छ, पीसीआर रिपोर्ट लिएर आउनुस् भन्न थाल्यो । भाइले उपचार गराउनुस् पीसीआर गराएर ल्याउँला भन्दाभन्दै मानेनन् पुप्पुले भने।

एम्बुलेन्स बोलाएर गण्डक अस्पताल लैजान सुझाए । उनीहरुले एम्बुलेन्समा राखेर गण्डक पनि लगेका हुन् । तर रिपोर्ट पोजेटिभ नआएकाहरुलाई राख्न मिल्दैन भनेर फिर्ता पठायो।

राजेश्वरलाई घरको न घाटको बनाए । गण्डकबाट नारायणी अस्पताल लगेर पीसीआर टेष्ट गरिदिन आग्रह गरे । भाइले एम्बुलेन्स घुमाएर नारायणीमा पुर्‍यायो, तर पीसीआर आज हुँदैन भनेर पठाइदिए। एम्बुलेन्सलाई भित्र छिर्नै दिएन पप्पु भन्छन्।

अस्पतालको व्यवहारले आजित भएका उनीहरुले तराइ अस्पतालमा डाक्टरले दिएको औषधि किने र बाबुलाई घरमा लगे । घर पुग्दा राजेश्वरको अवस्था थप बिग्रिएको थियो।

त्यसपछि परिवारका सदस्यहरुले बयोधा अस्पताल लैजाने निर्णय गरे। निषेधाज्ञा जारी भएकाले सवारी साधन चलिरहेको थिएन।

धेरैवटा एम्बुलेन्सलाई फोन गरेर बोलायौं, कुनैपनि आउन मानेन पप्पु भन्छन्, बल्लबल्ल एउटा रिक्सा तयार भयो । अस्पतालको इमर्जेन्सीमा नेबुलाइजर लगाइयो, सुई दिइयो र डाक्टर आउँदै हुनुहुन्छ भनियो। अक्सिजन दिएपछि राजेश्वरलाई केही सहज भयो।

तर त्यहाँ पनि बुबाले राम्रो उपचार नपाएको पप्पु बताउँछन्। डाक्टर आएर उपचार शुरु गर्ला भनेको त मसँग सोधपुछ गर्न थाले । आजै तराईमा जचाएको रिपोर्ट छ, त्यही हेरेर उपचार शुरु गर्नुस् भन्दा उल्टै तराईले किन रिजेक्ट गर्‍यो थाहा छ ? भनेर सोध्नुभयो उनी भन्छन्।

कोभिडको आशंका गरिएको भन्दै पीसीआर रिपोर्ट ल्याउन भने । तर आफूहरुले नमानेपछि आईसीयू छैन, भेन्टिलेटर छैन, यहाँबाट लैजानुस् भन्न थालेको पप्पु बताउँछन्। बयोधाले उपचार गर्न मानेन । त्यहीँबाट नेशनल मेडिकल कलेजमा फोन गर्दा भेन्टिलेटर खाली छैन भनेपछि उनले नारायणीमा लैजानु भनेर एम्बुलेन्स बोलाए।

नारायणीमा पनि उनले उपचार पाएनन् । अक्सिजन, आईसीयू केही छैन भनेपछि आफूहरुले इमर्जेन्सीमा एउटा बेड



त दिनुस् भन्दा पीसीआर रिपोर्ट खोजेको उनले सुनाए। पीसीआर पीसीआर ? जति आग्रह गर्दा पनि केही नलागेपछि घर फिर्ता ल्याएँ पप्पु भन्छन्, मैले जीवनमा के गल्ती गरेको थिएँ यो यस्तो भोग्नुपर्‍यो मलाई नै थाहा छैन।

भोलिपल्ट बिहान आइतबार राजेश्वरको पीसीआरका लागि स्वाब निकालियो । त्यो दिन रिपार्ट आएन। सोमबार, मंगलबार पनि कुर्दा रिपोर्ट आएन । उता राजेश्वरको अवस्था थप बिग्रिसकेको थियो।

कसैले एसपी गंगा पन्तलाई फोन गर्न सुझाव दिए । पप्पुले फोन गरेपछि उनले नेशनल मेडिकल कलेजमा लैजानुस् सुझाइन् । राति नै एम्बुलेन्स बोलायौं तर बुबा त एम्बुलेन्स चढ्न नसक्ने भइसक्नु भएन पप्पु भन्छन्, हामीले बल्लबल्ल अस्पताल पुर्‍यायौं।

शुरुमा भर्ना लिनै मानेन । एसपी पन्तले पुनः फोन गरिन् । पीसीआर रिपोर्ट कहिले आउँछ ? भनेर सोधियो। डाक्टरले राति साढे १० बजेसम्म पीसीआर रिपोर्ट नआए बिरामी फिर्ता लैजान्छु भन्ने लेखेर सही गराउनु भने। कहिले गण्डक त कहिले नारायणीको ल्याबमा कुरा गरे। र बल्ल बल्ल अस्पताल इमर्जेन्सीमा भर्ना लिन राजी भयो।

तर भेन्टिलेटरमा राख्नुको साटो रातभर हातले पम्पिङ गर्नुपर्छ भने। अक्सिजन निकालेर पालैपालो बसेर पम्पिङ गर्न सिकाए। तीन जना दाजुभाई बसेर राति डेढ बजेसम्म पम्पिङ गर्‍यौं पप्पु भन्छन्, तर बुबाको अवस्था झन् खराब हुँदै गयो । हामीले डाक्टरलाई बोलायौं तर आएनन्। र, बुबाले हामी सबैलाई छाडेर जानु भयो । रुँदै भन्छन्, अस्पतालमा समयमै उपचार गरिदिएको भए बुवा बाच्नुहुन्थ्यो । यस्तो मृत्यु कसैको नहोस्।

**सूचना**

**जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ ।**

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ ।
२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ ।
३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ ।
४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ ।
५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।
६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ ।
७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ ।
८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ ।

**जिल्ला उद्योग वाणिज्य संघ**
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

**पत्रपत्रिका मागेर होइन, किनेर पढौँ ।**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : लहानपोस्ट् दैनिक कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)